प्रधानमन्त्री

काठमाडौं, नेपाल

## शुभकामना

"स्वदेशी उद्यम र उत्पादनः दिगो औद्योगिक पुनरुत्थान" भन्ने नाराका साथ आयोजना हुन गइरहेको सातौं उद्योग दिवसको अवसरमा सम्पूर्ण उद्योगी, व्यवसायी, लगानीकर्ता, श्रमिक एवं उद्योग क्षेत्रसँग आबद्ध सबैमा हार्दिक शुभकामना व्यक्त गर्दछु।

मुलुकको आर्थिक समृद्धि र सामाजिक रूपान्तरणमा उद्योग व्यवसाय क्षेत्रको महत्त्वपूर्ण योगदान रहँदै आएको छ। स्वदेशी तथा आयातित कच्चा पदार्थहरूको प्रशोधन र मूल्य अभिवृद्धि गरी वस्तु तथा सेवाको उत्पादन, रोजगारी सिर्जना, निकासी प्रवर्द्धन जस्ता कार्यहरूमार्फत मुलुकलाई आर्थिक विकासको मार्गतर्फ डोऱ्याउन उद्योग क्षेत्रले महत्त्वपूर्ण संवाहकको भूमिका निर्वाह गरिरहेको छ। कुल गार्हस्थ्य उत्पादनमा महत्वपूर्ण योगदान रहेको उद्योग व्यवसाय क्षेत्रको दिगो र गुणात्मक विकासले मात्र उच्च आर्थिक वृद्धिदर हासिल गर्न सम्भव हुने हुँदा उद्यमशीलता प्रवर्द्धन, औद्योगिक उत्पादन वृद्धिका साथै कोभिड-१९ बाट प्रभावित उद्योग क्षेत्रको पुनरुत्थान गर्न आज ध्यान केन्द्रित गर्नुपर्ने भएको छ।

आर्थिक विकासका लागि उद्योगधन्दाको संरक्षण र प्रवर्द्धन गरी नेपाली श्रम, सीप र कच्चा पदार्थमा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिने, राष्ट्रिय हित अनुकूल आयात व्यवस्थापन र निर्यात प्रवर्द्धनका क्षेत्रमा वैदेशिक पूँजी तथा प्रविधिमा लगानीलाई आकर्षित गर्दै औद्योगिक पूर्वाधार विकासमा प्रोत्साहन गर्ने नीति लिइएको छ। तीनै तहका सरकार र निजी क्षेत्रको समन्वयमा तीव्र औद्योगिक विकासको माध्यमबाट रोजगारीको सिर्जना र आत्मनिर्भर अर्थतन्त्रको निर्माण गर्ने कार्यमा सरकार प्रतिबद्ध रहेको छ।

दिगो एवं फराकिलो आधारसहितको औद्योगिक विकासको माध्यमबाट राष्ट्रिय अर्थतन्त्रमा उल्लेख्य योगदान पुऱ्याउन निजी क्षेत्रको लगानी र व्यवस्थापनलाई प्रवर्द्धन गर्न सरकारले उत्प्रेरक तथा सहजकर्ताको भूमिका निर्वाह गर्दै आएको छ। सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहकार्यमा उद्योग व्यवसायको लागि आवश्यक पूँजी, प्रविधि, जनशक्ति र उपयुक्त लगानीको वातावरण सुनिश्चित गर्न सरकारले कानूनी, नीतिगत तथा संरचनागत सुधारका कार्यहरू अगाडि बढाउँदै जाने विश्वास दिलाउन चाहन्छु।

दुई ठूला निकटतम छिमेकी मुलुकको तीव्र आर्थिक वृद्धि र विस्तारले सिर्जना गरेको अवसर, विद्युतीय ऊर्जाको उपलब्धता, लगानी मैत्री कानून एवं पूर्वाधारहरू, गैर आवासीय नेपाली र विदेशी लगानीकर्ताको लगानी प्रतिबद्धता वृद्धि जस्ता अवसरहरूलाई प्रभावकारी तवरले उपयोग गरी नेपालको औद्योगिक विकासलाई तीव्रता दिनु आवश्यक छ।

अन्तमा, स्वदेशी उद्यम र उत्पादन अभिवृद्धि गर्दै उद्योग व्यवसाय क्षेत्रको पुनरुत्थानमा सरकारी, निजी, सहकारी क्षेत्र, अन्तर्राष्ट्रिय लगानीकर्ताहरु एवं आम जनसमुदायको महत्त्वपूर्ण योगदानको अपेक्षा सहित सबैमा पुनःहार्दिक शुभकामना व्यक्त गर्दछु।

९ मंसिर, २०७८

शेर बहादुर देउवा